बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

**कार्यालय सामान खरिद तथा मसलन्द छपाई सम्बन्धी सिलबन्दी दरभाउपत्र आवहान गरिएको सुचना**

( प्रथम पटक प्रकाशित मिति
: २०७७।०६।०९

यस नगर कार्यपालिकाको कार्यालयको लागि आ.व.०७७।७८ मा आवश्यक पर्ने स्वीकृत स्पेशिफिकेसन अनुसारको कार्यालय सामान (मसलन्द)छपाई सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना यस नगर कार्यपालिकाको कार्यालयको सूचना पाटी तथा वेवसाईट www.belkotgadhimun.gov.np मा पनि हेर्न सकिने छ । विस्तृत जानकारीको लागी नगर कार्यपालिकाका कार्यालयको (खरिद शाखामा) मा सम्पर्क राख्न सकिने छ ।

१. दरभाउपत्र फारम रु.१०००। (फिर्ता नहुने गरी) तिरी १५ औं दिनको कार्यालय समय भित्र नगर कार्यपालिकाकाको कार्यालयको खरिद शाखा, बाट खरिद गर्न सकिने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी १६ औ दिन १२.०० बजे भित्र खरिद शाखामा दाखिला गरी सक्नुपर्नेछ ।

३. सिलबन्दि दरभाउपत्र खरिद गर्नको लागि सिलबन्दि दरभाउपत्र दाताले निवेदन साथ आ.ब.२०७५।७६को कर चुक्ता प्रमाण पत्र वा कर विवरण दाखिला गरेको प्रमाण,२०७७।७८ सम्मको फर्म नविकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न राख्नुपर्ने छ ।

४. सिलवन्दी दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापत तपसिल बमोजिमको रकम यस नगरपालिकाको नाममा रहेको सानिमा बैक लिमिटेड बिदुरमा रहेको धरौटी खाता न. ०४१०१००४०००००९१ मा नगद जम्मा गरेको बैंक भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको क बर्गको वाणिज्य बैंकद्वारा यस नगरपालिकाको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेन्टी (विडवण्ड) पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र फारमसाथ सम्वन्धित दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र पेशा सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ ।

६. पर्न आएका सिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन दिनको २:०० बजे खरिद शाखामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा परेमा सो पछि क्रमश कार्यालय खुलेको दिनलाई मानिने छ ।

८. बिल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिबृद्धि कर (VAT) समेत जोडी कूल जम्मा अंक र अक्षर दुवै महलमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

९. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नवुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

११. दरभाउपत्र फाराम खरिद कार्य यस नगर कार्यपालिकाको खरिद शाखाबाट हुनेछ । दरभाउपत्र दाखिला सम्वन्धी कार्य नगर कार्यपालिकामा मात्र हुनेछ ।

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

१२. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बामोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा नगरकार्यपालिकामा सम्पर्क राख्न सकिनेछ ।

| दरभाउपत्र | कामको विवरण | धरौटी |
|---|---|---|
| BGM/Goods/Sealed Quatation/01/077/78 | कार्यालय सामान तथा मसलन्द छपाई सम्बन्धी | ४२०००।०० |

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चाँदनीचौर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३